राप्ती सोनारी गाउँपालिका
RAPTI SONARI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
अगैया, बाँके
AGAIYA, BANKE

लुम्बिनी प्रदेश, नेपाल
LUMBINI PROVINCE, NEPAL

पत्र सङ्ख्या/**Ref. No.:-** २०८३/०८४
सूचना नम्बर/**Notice No.:-**

# सेवा करारमा सूचा प्रविधि अधिकृत पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०५।०९ गते

**प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) अन्तर्गत स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ को दफा ५** बमोजिम राप्ती सोनारी गाउँपालिका, बाँकेमा खुला प्रतियोगिताको माध्यमबाट देहाय बमोजिम सेवा करारमा सूचना प्रविधि अधिकृत पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वक दरखास्त फाराम भरी यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फाराम राप्ती सोनारी गाउँपालिकाको वेबसाइट *www.raptisonarimun.gov.np* बाट डाउनलोड गर्न सकिनेछ।

देहाय :

| क्र.सं. | पद | तह/श्रेणी | माग संख्या | आवश्यक न्यूनत्तम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | सातौं | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा **BIT/ BSc. CSIT/ BE Computer / Bachelor of Electronics, Com. & Info. Engineering/ BCA / BIM / BE IT/B.Ed. ICT** वा सो सरह उत्तीर्ण गरेको। |

**१. उमेर:** दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**२. आवश्यक कागजातहरू:**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- शैक्षिक योग्यताका प्रमाणपत्र तथा लब्धाङ्कपत्रका प्रतिलिपि,
- आवश्यक भएमा समकक्षताको प्रमाणपत्र,
- पासपोर्ट साइजको हालसालै खिचिएको फोटो,
- अनुभवसम्बन्धी प्रमाणपत्र (सम्भव भएमा),
- तोकिएको ढाँचामा दरखास्त फाराम,

**३. दरखास्त दिने स्थान:** राप्ती सोनारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अगैया, बाँके।

**४. दरखास्त दस्तुर:** रु. १२००। दस्तुर गाउँपालिकाले तोकेको माध्यमबाट बुझाउनुपर्नेछ।

**५. दरखास्त दिने अन्तिम मिति:** मिति २०८३।०५।२३ सम्म।

**७. छनोट प्रक्रिया:** लिखित परीक्षा/प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता।

**८. पारिश्रमिक तथा सेवा सुविधा:** प्रचलित कानून बमोजिम।

**९. पाठ्यक्रम :** लोक सेवा आयोगद्वारा मिति २०८०।०७।२० मा प्रकाशन भएको कम्प्युटर अधिकृत पदको पाठ्यक्रम बमोजिम।
(उल्लेखित पाठ्यक्रम लिखित र प्रयोगात्मक हकमा लागू हुने)

**१०. अन्य शर्तहरू:** परीक्षा सम्बन्धी मिति, स्थान तथा अन्य विस्तृत जानकारी गाउँपालिकाको सूचना पाटी तथा आधिकारिक माध्यमबाट प्रकाशन गरिनेछ। रीत नपुगेका वा म्याद नाघी प्राप्त भएका दरखास्तहरू स्वीकार गरिने छैन।

२०८३/०५/०९
मणिराम खराल
प्रमुख प्रशासकीय अधिकृत